अजिरकोट गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ५ | संख्याः १७ | मितिः २०७८/११/२९

## भाग-२

## अजिरकोट गाउँपालिका

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७५ को दफा १०२ को उपदफा (३) वमोजिम अजिरकोट गाउँपालिकाले माईतीको पोषिलो कासेली कार्यविधि, २०७८ बनाई सर्वसाधारणको जानकारीको लागि प्रशाशित गरिएको छ ।

# माईतीको पोषिलो कोसेली कार्यविधि २०७८

## पृष्ठभूमी

नेपालको संविधानले आधारभूत स्वास्थ्य सेवालाई प्रत्येक नागरिकको मौलक हकको रुपमा स्थापित गरेको छ । संविधान वमोजिम राज्यका संघ, प्रदेश र स्थानिय तहले सम्पादन गर्ने कार्यहरुको एकल तथा साझा अधिकारमा रह **स्थानिय सरकार सञ्चालन ऐन २०७४** मा व्यवस्था भए बमोजिम आधारभूत स्वास्थ्य सेवा, प्रजनन् स्वास्थ्य र पोषण सवाको सञ्चालन र प्रवर्द्धन गर्ने हेतुले अजिरकोट गाउँपालिका भित्र रहेका महिला तथा वालवालिकहरुको पोषणको आवस्था सुधार गर्न साथै गर्भवती महिलाहरुको कम्तिमा चार पटक गर्भ जाँच गरि गर्भको जोखिम न्यूनिकरण गर्दै आमा र बच्चाको पोषण स्थितीको सुधार गर्दै गर्भ जाँचको वृद्धि गरि आमा र बच्चाको विरामी दर मृत्यु दर कम गर्ने यो कार्यक्रम फलदायी हुने आशा गरिएको छ ।

## संक्षिप्त विवरण

**उद्धेश्य :-** माईतोको पोषिलो कोसेली कार्यक्रम संचालन मुख्य उद्धेश्यहरु देहाय बमोजिम हुनेछन् ।

क) गर्भवती महिलाको पोषणको स्थितिमा सुधार ल्याउने ।

ख) चार पटकको भेटलाई निरन्तर कायय राख्ने ।

ग) गर्भको जाँच तथा स्वास्थ्य संस्थामा हुने प्रसूति संख्यामा बृद्धि गर्ने ।

घ) जन्म जातै हुन सक्ने कुपोषणको संख्यामा कमि ल्याउने ।

## माईतीको पोषिलो कासेली (झोला) प्राप्तिका लागि न्यूनतम मापदण्डहरु :-

क) स्थानीय स्वास्थ्य संस्थामा मातृशिशु रजिष्टरमा दर्ता भई कार्ड प्राप्त गरेको हुनुपर्नेछ ।

ख) गर्भ वसेको महिनाको चौथौ महिनाबाट मात्र पोषिलो झोला प्रदान गरिनेछ ।

ग) चौथो महिनापछि आएमा छैटौ महिनाको प्याकेजबाट मात्र सुरु गरिनेछ ।

घ) छैटौ महिनापछि आएमा आठौ महिनाको प्याकेजबाट मात्र सुरु गरिनेछ ।

ङ) आठौ महिनापछि आएमा अन्तिम प्याकेज मात्र प्रदान गरिनेछ ।

च) प्रसुती हुन सुचीकृत स्वास्थ्य संस्थामा आए प्रसुतीको समयमा मात्र पाउने प्याकेज प्रदान गरिने छ ।

छ) यो कार्यक्रममा अजिरकोट गाउँपालिकाको स्थायी बासिन्दा वा अन्यको हकमा लगातार दुई पटक अजिरकोट गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुमा जाँच गरिएमा दोस्रो पटक आउँदा पहिलो पटकको प्याकेज सहित प्रदान गरिनेछ ।

ज) प्रसुती हुन आउनेको हकमा सुचीकृत स्वास्थ्य संस्थामा आई प्रसुती भएमा स्वास्थ्य संस्थाबाट सुत्केरी भएको अवस्थामा प्रदान गरिने प्याकेज पहिलो पटक भए पनि सबैलाई दिईने छ ।

**माईतीको पोषिलो (झोला) कार्यक्रमका मुख्य क्रियाकलापहरु :-**

क) प्रथम चरण : गर्भवति भएको चांथो महिना भित्र (१२ देखी १६ हप्ता भित्र) : झोला - १ गोटा, अण्डा - ३० गोटा, गेडागुडी - १ किलो, हात धुने सावुन - १ गोटा, आयोडिन नुन - १ किलो, नङ कटर - १ गोटा, मौसम अनुसारको तरकारीको विउ - १ पोका प्रदान गरिने छ ।

ख) दोस्रो चरण : गर्भवती भएको छैठौ महिना भित्र (२० देखि २४ हप्ता भित्र) अण्डा - ३० गोटा, गेडागुडी - १ किला प्रदान गरिने छ ।

ग) तेस्रो चरण : गर्भवती भएको आठौ महिना भित्र (२८ देखि ३२ हप्ता भित्र) अण्डा - ३० गोटा प्रदान गरिनेछ ।

घ) चौथो चरण : गर्भवति भएको चौथो महिना (३३ देखि ३६ हप्ता) अण्डा - ३० गा्टा प्रदान गरिनेछ ।

ङ) पाँचौ चरण : स्वास्थ्य संस्थामा सुत्केरी भएको अवस्थामा पछ्यौरा - १ गोटा, अण्डा - ३० गोटा, गेडागुडी - १ किलो, तोरीको तेल - १ लीटर, ज्वानो - १०० ग्राम, मेथी - १०० ग्राम प्रदान गरिनेछ ।

नोट :- चार महिना भन्नाले तीन महिना पुरा भएको मिति सम्झनु पर्दछ, सोही मितिमा जुकाको औषधि एक चक्की र नियमानुसार टिडि खोपको सुरुवात सार्थ गर्भको जाँच पनि नियमित र आवश्यता परेमा जुनसुकै बेलामा जाँच गरिनु पर्दछ । माईतीको पोषिलो कोसेली (झोला) ले सम्बोधन नगरेको बाँकी महिना जस्तै पाँच, सात र सुत्केरी पश्चातको समयहरुमा र गर्भ रहे देखि बच्चा दुई वर्षको नुहँदा सम्म (सुनौला हजार दि) विषेश स्याहार, हरके बार खाना चार र पूर्ण स्तनपान तथा स्वास्थ्य संस्थामानै बच्चा जन्माउनको लागि स्वास्थ्यकर्मीले प्रोत्साहन गर्नुपर्दछ ।

च) स्वास्थ्य संस्थामा प्रसुति गराउन लाउने महिलालाई न्यानो भफोला, चार पटकको जाँच गरिएको दिनको प्रति दिन रु २००।- का दरले रु ८००।- प्रदान गरिने छ। साथै यायात खर्च रु २०००।- नेपाल सरकाले उपलब्ध गराइएको रकम नियमानुसार प्रदा नगरिनेछ।

पोषिलो झोला कार्यक्रम सञ्चालनको प्रक्रिया तथा बजेट परिचालन :-

क) अजिरकोट गाउँपालिकाको आ.व २०७७।०७९ को विनिाजित रकम रु १०,००,०००।- बाट यो कार्यक्रम को संचालन तथा सुरुवात गरिनेछ। थप बजेट आवयश्क परेमा गाउँपालिकाको कार्यालयबाट पुन व्यवस्थापन गरिनेछ।

ख) एक गर्भवति महिला बराबर अनुमानित रु ४६००।- (अक्षरुपी छयालीस सय मात्र) बजेट को व्यवस्था गरिएको छ। सो पैसालाई प्रथम भेटमा अनुमानीत १३६०- मध्येबाट झोला - १ गोटा रु ५००।- अण्डा - ३० गोटा रु ३५०।-, गेडागुडी - १ किलो रु १२०।-, हात धुने साबुन - १ गोटा रु ५०।-, आयोडिन नुन - १ किलाको रु २५।-, नङ कटर - १ गोटा रु १००।- मौसम अनुसारको तरकारीको विउ - १ पोका रु १०५।- को सामान प्रदान गरिनेछ।

ग) दोस्रो भेटमा अनुमानित रु ४७०।- मध्येबाट गर्भवति भएको छैठौ महिना भित्र (२० देखि २४ हप्ता भित्र) आउने आमा अण्डा - ३० गोटा रु ३५०।-, गेडागुडी - १ किलो रु १२०।- प्रदान गरिने छ।

घ) तेस्रो भेटमा अनुमानित रु ३५०।- मध्येबाट गर्भवति भएको आठौं महिना भित्र (२८ देखि ३२ हप्ता भित्र) अण्डा - ३० गोटा रु ३५०।- प्रदान गरिने छ।

ङ) चौथो भेटमा अनुमानित रु ३५०।- मध्येबाट गर्भवती भएको चौथो महिना (३३ देखि ३६ हप्ता) अण्डा - ३० गोटा रु ३५०।- प्रदान गरिने छ।

च) पाँचौ भेटमा अनुमानित रु २०८०।- मध्येबाट स्वस्थ्य संस्थामा सुत्केरी भएको अवस्थामा पछ्यौरा - १ गोटा रु १२५०।-, अण्डा - ३० गोटा रु ३५०।-, गेडागुडी - १ किलो रु १२०, तोरीको तेल - १ लिटर रु २२०।-, ज्वानो - १०० ग्राम रु ७०।-, मेथी - १०० ग्राम रु ७०।- प्रदान गरिने छ।

नोट : अनुमानित रकमको दायरा भित्र रहि सामाग्री उपलब्ध गराउने व्यवस्थापन र सरदरमा कुनै बेला घटि वा बढि भएमा पनि अन्तमा माथिका सम्पूर्ण सामानहरु अजिरकोट गाउँपालिकाले प्रदान गरिने छ।

**सवल पक्ष :**

१) प्रथम गर्भ जाँचको दरमा वृद्धि ।

२) प्रोटोकल अनुसार चार पटक गर्भ जाँच गर्ने प्रतिशतमा वृद्धि ।

३) संस्थागत प्रसुति गराउने दरमा वृद्धि ।

४) गर्भवती महिलाको पोषण सुधार ।

५) गर्भ अवस्थामा पोषणको महत्व प्रस्ट्याउन सजिलो भएको ।

६) स्थानीय उत्पादलाई प्रोत्साहन भएको ।

**चुनौती :**

प्रत्येक वर्ष गाउँपालिकाले वजेट विनियोजित गर्नुपर्ने ।

गाउँपालिकाबाट प्रदान गरिने सेवाको कारणले घरैमा उत्पादन हुने खाध्य वस्तु उत्पादनको सट्टा परनिर्भरता बढ्ने ।

| |
|---|
| आज्ञाले,<br>नाम : भेषराज आचार्य<br>प्रमुख प्रशासकीय अधिकृत |